# खार्पूनाथ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ५ मिति : २०८२।०३।१०

## भाग-१

## खार्पूनाथ गाउँपालिका

## आधारभुत अस्पताल स्थापना, संचालन तथा व्यवस्थापन ऐन, २०८२

आज्ञाले

विष्णु बहादुर शाही

प्रमुख प्रशासकीय अधिकृत



# खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

गाँउकार्यपलिकको बैठकबाट स्वीकृत मिति: २०८२/०३/०९

खार्पुनाथ गांउपालिका यांचुबजार,हुम्ला

कर्णाली प्रदेश,नेपाल

कर्ण बहादुर रावल
अध्यक्ष

स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ( ५ ) मिति :२०८२/०३/०९

# खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

भाग १

स्थानीय सरकार

खार्पुनाथ गाउँपालिका

याङ्चुबजार , हुम्ला

कर्णाली प्रदेश, नेपाल

**खार्पुनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना**

खार्पुनाथ गाउँपालिका गाउँसभाले बनाएको देहाय बमोजिमको खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं.

खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

**प्रस्तावना**

खार्पुनाथ गाउँपालिका बाट आम नागरिकहरूलाई गुणस्तरीय, सरल, सहज, भरपर्दो र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा (१) बमोजिम यो "खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२ " ऐन ........... गाउँसभाबाट स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम "खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२ " रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा:**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका " भन्नाले खार्पुनाथ गाउँपालिका, हुम्ला सम्झनु पर्छ।

(ख) "व्यवस्थापन समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "अस्पताल" भन्नाले खार्पुनाथ आधारभूत अस्पताल सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष,उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(च) "अस्पताल निर्देशक" भन्नाले दफा १४ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली,निर्देशिका, कार्यविधि वा मापदण्ड मा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "अध्यक्ष" भन्नाले खार्पुनाथ गाउँपालिकाको गाउँपालिका अध्यक्ष वा गाउँपालिका अध्यक्षको रुपमा कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खार्पुनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ।

कर्ण बहादुर रावत
अध्यक्ष

**खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२**

(ञ) "कार्यपालिका" भन्नाले खार्पुनाथ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

## परिच्छेद – २

## व्यवस्थापन समिति

**३. व्यवस्थापन समितिको गठनः**

(१) खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (३.१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) अध्यक्ष, खार्पुनाथ गाउँपालिका - अध्यक्ष

(ख) उपाध्यक्ष, खार्पुनाथ गाउँपालिका - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत, खार्पुनाथ गाउँपालिका - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक – सदस्य

(ङ) अस्पताल रहने वडाको वडा अध्यक्ष - सदस्य

(च) स्थानीय जग्गादाताहरु मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख , खार्पुनाथ गाउँपालिका – सदस्य

(ज) पालिका अन्तर्गत कार्यरत महिला प्रधानाध्यापक वा शिक्षक मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

(झ) सभापती वा निजले तोकेको सदस्य, उधोग वाणिज्य संघ – सदस्य

(ञ) स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय मध्ये कार्यपालिकाले तोकेको कम्तिमा १ दलित सहित दुई जना महिला – सदस्य

(ट) पालिका अन्तर्गत कार्यरत राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये कार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

(ठ) लेखा शाखा प्रमुख, खार्पुनाथ गाउँपालिका - सदस्य

(ड) अस्पताल निर्देशक, खार्पुनाथ आधारभूत अस्पताल – सदस्य सचिव

(३) खार्पुनाथ गाउँपालिकामा जनप्रतिनिधि रिक्त भएको अवस्थामा वा निर्वाचनको माध्यमवाट पदाधिकारी निर्वाचित नभएको वा हुने प्रक्रियामा रहेको अवस्थामा यस समितिको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन्। जनप्रतिनिधिको प्रतिनिधित्व रिक्तताको अन्तरिम व्यवस्थापन गाउँपालिकाको निर्णयानुसार गरिनेछ।

(४) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ, स्वास्थ्य संग सम्बन्ध रहेका अन्य क्षेत्रका विषय विज्ञ, जनप्रतिनिधि, स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधि तथा कर्मचारीलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।

**४. समितिको पदावधि**

समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ। पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भई नयाँ जनप्रतिनिधि निर्वाचित भएमा पदावधि स्वतः समाप्त हुनेछ।

**५. पदावधि रिक्त हुने अवस्था**

निम्न अवस्थामा समितिका सदस्यहरुको पद रिक्त हुनेछः

क) मृत्यु भएमा,

ख) राजिनामा दिएमा,

ग) बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,



कर्ण बहादुर रावत
अध्यक्ष

ङ) अस्पतालको अहित हुने काम गरेको प्रमाणित भएमा,

च) कर्मचारीको हकमा सरुवा भई अन्यत्र गएमा ।

**६ . समितिको काम, कर्तव्य र अधिकार :-**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नेपाल सरकारले लिएको "एक स्थानीय तह, एक अस्पताल" नीति अनुसार खार्पुनाथ आधारभूत अस्पताल निर्माणका लागि आवश्यक संघीय मापदण्ड अनुसारको जग्गा व्यवस्थापन गरी, विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने र कार्यपालिकामा स्वीकृत गराई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमापेश गर्ने ।

(ख) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अस्पताल निर्माणको स्वीकृति प्राप्त भई बजेट सुनिश्चित भएपछि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको ठेक्का प्रक्रियामा गाउँपालिकालाई सहयोग गर्ने तथा निर्माण कार्य सुरु भएपछि अनुगमन तथा सुपरेवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ग) भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरण नभएसम्मको लागि हाल खार्पुनाथ गाउँपालिकाको स्वामित्वमा रहेको खार्पुनाथ सामुदायिक अस्पतालको भवन, औषधी,उपकरण , मानव स्रोत तथा अन्य चल, अचल सम्पती प्रयोग गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र अपुग भएको थप स्रोत व्यवस्थापन गर्ने ।

(घ) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनका लागि अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी गाउँपालिका समक्ष स्वीकृतिका लागि पेश गर्ने ।

(ङ) अस्पताल व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तथा बार्षिक कार्यक्रम तथा बजेटको मस्यौदा तयार गरी स्वीकृतिका लागि गाउँपालिका समक्ष पेश गर्ने ।

(च) अस्पतालको चल, अचल सम्पत्तिको संरक्षण, सञ्चालन तथा वृद्धि सम्वन्धी आवश्यक काम गर्ने ।

(छ) जनस्वास्थ्य सेवा ऐन २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन २०७५ बमोजिमको निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन मापदण्ड बनाई स्वीकृत गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ज) अस्पतालको सेवालाई आवश्यक पर्ने पद तथा दरबन्दी यकिन गरी स्वीकृतिका लागि गाउँपालिका समक्ष पेश गर्ने । छात्रवृत्ति करार चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन गर्नका लागि तीन तहका सरकार संग समन्वय गर्ने ।

(झ) अस्पतालले प्रदान गर्ने स: शुल्क सेवाको शुल्क निर्धारण गरी स्वीकृत गर्ने ।

(ञ) स्वास्थ्य सम्बन्धी विभिन्न अनुसन्धान एवं आवश्यक तालिम व्यवस्थापन गर्ने ।

(ट) अस्पताल सञ्चालन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**७. समितिको वैठक र संचालन विधि**

(१ ) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको वैठक बोलाउनु पर्नेछ । आवश्यक परेको अवस्थामा र समितिका कुल सदस्य मध्ये कम्तिमा एक तिहाई सदस्यले प्रस्ताव गरेको अवस्थामा जुनसुकै समयमा बैठक बोलाउन सकिनेछ ।

(२) समितिको निर्णय आमन्त्रित सदस्य बाहेक उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले पारित हुनेछ । कुनै विषयमा मत विभाजन भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(३ ) समितिको अध्यक्षको अध्यक्षतामा समितिको वैठक बस्नेछ । निजको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष वा उपाध्यक्षको अध्यक्षतामा र निजको पनि अनुपस्थितिमा सम्बन्धित वडाको अध्यक्ष वा सामाजिक विकास समितिको संयोजकको अध्यक्षतामा बैठक बस्नेछ ।



पूर्ण बहादुर रावल
अध्यक्ष

(४) जनप्रतिनिधिको पद रिक्त भएको अवस्था बाहेक अन्य अवस्थामा खार्पुनाथ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाको वडा अध्यक्ष वा निजहरुको काम, कर्तव्य र अधिकारको अख्तियारी प्राप्त व्यक्तिहरु मध्ये कम्तिमा १ जना सहित आमन्त्रित सदस्य बाहेक समितिका कुल सदस्यको कम्तिमा ५१ % उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी आवश्यकता अनुसार गाउँपालिका, प्रदेश सरकार, नेपाल सरकार तथा अन्य निकाय समक्ष पेश गर्नु पर्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आवश्यकता अनुसार समितिले आफैले निर्माण गर्नेछ।

## परिच्छेद-३
## कोष तथा लेखा परीक्षण

**८. अस्पतालको कोष:**

१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्।

क) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट बाट प्राप्त रकम।

ख) अस्पतालको आम्दानीबाट प्राप्त रकम।

ग) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा सँस्थाबाट प्राप्त रकम।

घ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

ङ) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम।

च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम।

छ) अन्य स्रोतबाट प्राप्त रकम।

३ ) उपदफा (२) को (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृत लिनुपर्नेछ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ।

५) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको उपयोग गर्न सक्नेछ।

**९. कोष तथा खाता सञ्चालन:**

१) समिति र अस्पतालको आयव्यय दुरुस्त राख्न स्वास्थ्य शाखा प्रमुख, अस्पताल निर्देशक र समितिको उपाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।

२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा कानुन बमोजिम हनेछ।

४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहीता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्ने अधिकार प्राप्त पदाधिकारीको र अस्पताल निर्देशकको हुनेछ।

कर्ण बहादुर रावल
अध्यक्ष

५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखा अभिलेख, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षण, बेरुजु अभिलेख, वेरुजु फछ्यौंट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

७) अस्पतालको स:शुल्क सेवा प्रवाहबाट जम्मा भएको रकम अस्पताल निर्देशक बाट प्रमाणित गराई कम्तिमा हप्ताको १ पटक समितिको कोषमा जम्मा गर्नुपर्नेछ।

८) अस्पतालको नाम दर्ता तथा बिलिङ कार्य नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्ड अनरुपको आधिकारिक सफ्टवेयरमा गर्नुपर्नेछ।

९) संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त हुने रकम समयमै अस्पतालको कोषमा जम्मा गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

१०) अस्पतालमा स्वीकृत दरबन्दी अनुसारको स्थानीय प्रशासन सेवा, लेखा समूहको कर्मचारी पदपूर्ती नभए सम्म गाउँपालिकाको तोकिएका लेखा समुहको कर्मचारी बाट लेखा सम्बन्धी कामकाज गर्ने व्यवस्था गाउँपालिकाले गर्नेछ।

**१०. लेखा परीक्षण:-**

१) समितिले तोकिए बमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

२) आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ।

३) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षणको श्रेस्ता सँगै महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ।

११. बैठक भत्ताः समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च गाउँपालिकाको प्रचलित आर्थिक कानुनले तोके बमोजिम कोषबाट व्यहोरिनेछ।

१२. सेवा शुल्क सम्बन्धी व्यवस्थाः अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ। तर नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका बाट निःशुल्क भनि तोकिएका सेवाहरुको शुल्क लिन पाइने छैन।

## परिच्छेद-४
## जनशक्ति, औषधि तथा उपकरणको व्यवस्थापन

**१३. जनशक्ति व्यवस्थापन:-**

१) अस्पतालमा प्रचलित ऐन, कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृत संयोजकत्वको समितिले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गरे अनुसार गाउँ सभाबाट स्वीकृत दरबन्दी अनुसारको र सो बमोजिम स्वीकृत नभएसम्म अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ।

क) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति, संघ तथा प्रदेश सरकारबाट कामकाजमा खटिएका जनशक्ती र लोक सेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति ,

ख) करार : करार सेवामा भर्ना गरिएका जनशक्ति, यस शब्दले दरबन्दी करार, कार्यक्रम करार, पालिका करार र अन्य करार समेतलाई जनाउछ।

ग) अभ्यासकर्ता : छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा गरेका जनशक्ती, जसले अध्ययन पश्चात प्रचलित कानून बमोजिम तोकिएको समय ( सामान्यतया दुई वर्ष) अनिवार्य सरकारी सेवा गर्ने कबुलियतनामा गरेका हुन्छन्।



कर्ण बहादुर रावल
अध्यक्ष

घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउने व्यक्तिहरु,

ङ) विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टनसीप (OJT) आएका विद्यार्थीहरु।

च) अस्पतालमा आवश्यक भएमा स्वीकृत दरबन्दी नभएको पदमा चिकित्सक तथा स्वास्थ्यकर्मी गाउँकार्यापालिकाको निर्णय अनुसार करार सेवामा नियुक्त गर्न र प्रदेश सरकार तथा संघीय सरकार संग माग गरी छात्रवृत्ति प्राप्त गरी अध्ययन पुरा गरेका जनशक्ती कामकाजमा खटाउन सकिनेछ।

२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालको कोषवाट सेवा सुविधा पाउने गरी कार्यपालिकाले नियमानुसार सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ।

३) करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप कर्णाली प्रदेश स्थानीय सेवा ऐन तथा नियमावलीको प्रावधान सँग नबाझिने गरी गाउँपालिकाको विद्यमान कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

४ ) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ। यसरी निर्धारण गर्दा कम्तिमा समान तहको स्थायी कर्मचारीको सुरु स्केल बमोजिमको तलब सुनिश्चित हुने गरी गर्नुपर्नेछ। स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीले महंगी भत्ता, स्थानीय भत्ता लगायत पालिकाले स्थायी कर्मचारीलाई प्रदान गर्ने अन्य भत्ता, चाडपर्व खर्च पोशाक भत्ता उपलब्ध गराउनु पर्नेछ। दरबन्दी करार बाहेक अन्य कारार कर्मचारीको तलब नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समय- समयमा निर्धारण गरेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी करा सम्झौता गर्नुपर्नेछ।

५) नियमित बाहेक २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्ने, हप्तामा ४० घण्टाभन्दा बढी समय ड्युटीमा खटिने , सार्वजनिक बिदाको दिन सेवा प्रदान गर्ने , रात्रिकालीन समयमा स्वास्थ्य सेवा प्रदान गर्ने स्थायी, करार, अभ्यासकर्ता र इन्ट्रनसीप स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरी थप सुविधा उपलब्ध गराउन सकिनेछ। यस्तो सेवा प्रदान गरेको विवरण सम्बन्धित शाखा प्रमुखले तयार गरी अस्पताल निर्देशकबाट प्रामाणित गराएको हुनुपर्नेछ।

६) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ।

७) कार्यालय प्रमुखको रुपमा अस्पताल निर्देशकले कार्य गर्नेछन्।

८ ) अस्पताल निर्देशकसँग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसँग अस्पताल निर्देशकले कार्यसम्पादन करार गर्नुपर्नेछ।

९) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि सम्बन्धित सरकार, संघ संस्था तथा निकाय संग समन्वय गरी आवश्यकता अनुसार तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नुपर्नेछ।

१०) समितले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

११ ) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

**१४. अस्पताल निर्देशकको नियुक्ती, काम, कर्तव्य र अधिकारः**

१) अस्पतालमा स्वीकृत दरबन्दी अनुसारको एक अस्पताल निर्देशक रहने छन्। निर्देशकको नियुक्ती गाउँकार्यपालिकाले गर्नेछ। स्वीकृत दरबन्दी अनुसारको निर्देशक नियुक्तीका लागि कर्मचारी उपलब्ध नभएमा गाउँ कार्यपालिकाले अस्पतालमा कार्यरत सबैभन्दा वरिष्ठ कर्मचारीलाई निर्देशक रुपमा नियुक्त गर्न सक्नेछ।

अस्पताल व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने।

२) अस्पताल व्यवस्थापन लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने।



जर्ग बहादुर रावल
अध्यक्ष

३) अस्पताल सञ्चालनका लागि बार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेश गर्ने।

४) अस्पतालको सेवाको गुणस्तर कायम राख्न क्षमता अभिवृद्धि गर्ने, स्तर उन्नति गर्ने तथा अन्य आवश्यक कार्यहरु गर्ने समितिको निर्णयलाई कार्यान्वयन गर्ने।

५) अस्पतालको प्रमुख भई कामकाज गर्ने।

६) अध्यक्षको निर्देशन तथा समितिका एक तिहाई सदस्यको प्रस्तावमा आवश्यकता अनुसार बैठक बोलाउने।

७) बैठकको निर्णय प्रमाणित गर्ने र सुरक्षित राख्ने।

८) आ.व. समाप्त भएको एक महिना भित्र अस्पतालको वार्षिक प्रगती प्रतिवेदन तयार गरी समितिमा तथा गाउँपालिकामा पेश गर्ने र सामाजिक संजाल तथा वेवसाइटमा सरोकारावालाहरुको जानाकारीको लागि प्रकाशन गर्ने ।

९) संघ तथा प्रदेश सरकारले तोकेको ढाँचा र समयमा अस्पतालको अभिलेख राखी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने।

१०) सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि सुचना अधिकारीको व्यवस्था गरी जनसम्पर्कलाई मजबुत बनाउने।

११) सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लेखा परीक्षण गराउने तथा प्रचलित ऐन कानुनले तोकेका कार्यहरु गर्ने।

**१५. औषधि खरिद, भण्डारण तथा वितरण:**

१) अस्पतालले गाउँपालिकाबाट निःशुल्क वितरण गरिने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरी स्वास्थ्य शाखालाई सिफारिस गर्नुपर्नेछ।

२) अस्पताल फार्मेसीबाट स: सुल्क विक्री वितरण गरिने आवश्यक औषधि, ल्याव सेवा संचालन गर्न आवश्यक रसायन, अन्य उपकरण समितिको निर्णय बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावलीको अन्तिम संसोधन समेतको अधिनमा रहेर कार्यालयमा गठित खरिद एकाई तथा समितिले गर्नुपर्नेछ। खरिद प्रकियाबाट प्राप्त औषधी, औषधीजन्य सामग्री तथा उपकरण कम्तिमा एक तिहाई सदस्य र गाउँपालिकाको आन्तरिक लेखा परीक्षक तथा निज नभएको अवस्थामा लेखा शाखाको प्रतिनिधिको रोहोवरमा नेपाल सरकार बाट मान्यता प्राप्त सरकारी सम्पति व्यवस्थापन प्रणालीमा दाखिला गरी समितिको वैठकबाट अनुमोदन गर्नुपर्नेछ। यसको प्रमुख जिम्मेवारी अस्पताल निर्देशकको रहने छ।

३) अस्पतालले उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ। अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

४) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधि भण्डारण गर्नुपर्नेछ।

५) औषधि आपूर्ति तथा वितरणलाई प्रभावकारी बनाउन अस्पताल निर्देशकले फार्मेसी अधिकृत/सुपरभाइजर तथा फार्मेसी शाखामा कार्यरत एकजना स्वास्थ्यकर्मीलाई सम्पर्क व्यक्ति तोक्नेछ।

६) उपदफा (५) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सीस्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात अभिलेख राखु पर्ने साथै उपकरणको विवरण दरुस्त राख्नु पर्नेछ।

७) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी समिति समक्ष हरेक दुई महिनामा बस्ने बैठकमा प्रतिवेदन पेश गर्नुपर्नेछ। सम्भव भएसम्म नि: शुल्क तथा स:शुल्क औषधी तथा उपकरणको फरक- फरक भण्डारण कक्षको व्यवस्थापन गर्नुपर्नेछ।

८) प्रेस्किप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले औषधिको सेवन विधि र मात्रा, सेवन अवधि, औषधिबाट हुनसक्ने प्रति असर, अपनाउनु पर्ने सावधानी, औषधि सुरक्षित राखे स्थान र विधि लगायतका जानकारी प्रदान गरी उक्त जानकारी बुझे नबुझेको समेत परीक्षण गर्नुपर्दछ। DDA ले छुट्टै अभिलेख खडा गरी सिफारिसकर्ता र सेवाग्राहीको दस्तखत समेत राख्नुपर्ने भनि तोकेका औषधी पूर्ण अभिलेख राखेर मात्र विवरण गर्नुपर्नेछ।

९) औषधि वितरण गर्दा औषधि विक्री वितरण सम्बन्धी संहिता र औषधि सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।



कर्ण बहादुर रावल
अध्यक्ष

१०) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण अधावाधिक गरी प्रतिवेदन पठाउनु पर्नेछ।

**१६. फार्मेसी सञ्चालन गर्ने:**

१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ।

२) फार्मेसीमार्फत विकी वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

३) फार्मेसी कक्ष अगाडी निः शुल्क उपलब्ध हुने औषधीको विवरण जेनेरिक नाममा सबैले देख्ने गरी राख्नुपर्नेछ।

४ ) निःशुल्क प्राप्त हुने र सःशुल्क वितरण गरिने औषधी सम्भव भएसाम्म फरक-फरक कोठाबाट गर्नु पर्नेछ।

५) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१७. एम्बुलेन्स सेवा सञ्चालन:**

१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ।

२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन ऐन, कानून र एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ।

**१८. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन:**

१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ।

२) अस्पतालमा सम्भव भएको उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, जिम्मेवार स्वास्थ्यकर्मी, गुनासो सुन्नी अधिकारी समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देखिने ठाउँमा राख्नुपर्नेछ।

४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएका हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकम नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट वन्चित गरिने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ।

**१९) एक्स-रे, इसिजि, भिडियो एक्स-रे सेवा र ल्याव सेवा व्यवस्थापन**

१) अस्पतालमा एक्स-रे मेसिन जडानका लागि कम्तिमा ४५० से.मि. लम्बाई ४०० से.मि. चौडाई र २५० से.मि. उचाईको कोठा उपलब्ध हुनुपर्नेछ।

२) एक्स -रे खिच्ने (नियन्त्रण गर्ने) कोठा एक्स-रे कोठा भन्दा अलग हुनुपर्दछ र उक्त कोठा कम्तिमा १५५ से.मि. लम्बाई र १२० से.मि. चौडाइको हुनु पर्नेछ।

३) विकिरण चुहावट नियन्त्रण गर्न देहाय बमोजिमको कोठा हुनुपर्दछ :-

क) ढोका र हेर्ने झ्याल मा २ मि.मि. बाक्लो सिसा ( लिड) भएको

ख) ०.२ मि.मि. बाक्लो सिसाको भित्ता र १५ से.मि. इटाको भित्ता वा 25 से.मि. इटाको भित्ता व्रा कंक्रिटको भित्ता भएको



कर्ण बहादुर रावल
अध्यक्ष

ग) सम्भव भएसम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेसन जमिनदेखि १८० से.मि. माथि रहेको र आफै बन्द हुने स्वचालित ढोका भएको

घ) स्वास्थ्यकर्मीलाई सुरक्षा प्रदान गर्न कम्तिमा ०.२ मि.मि. बाक्लो लिड एप्रोन तथा बाक्लो चस्मा, लिडको पञ्जा, थाइराइड सिल्ड र गोनाड सिल्ड उपलब्ध हुनुपर्दछ।

४) एक्स -रे मेसिन ५०० MA x-RAY with image intensifier को हुनुपर्दछ।

५) अस्पतालमा भिडियो एक्स-रे सेवा प्रदान गर्नको लागि कम्तिमा ultrasound machine with color Doppler को व्यवस्था हुनुपर्दछ।

६) अस्पतालमा इ.सी.जी. देवा प्रदान गर्न कम्तिमा १ ordinary ECG मेसिन व्यवस्था हुनुपर्दछ।

७) अस्पतालमा डि क्याटेगोरीको ल्याव संचालन हुनेछ, जुन संचालन गर्न आवश्यक उपकरण र त्यसबाट प्राप्त हुने सेवाहरु अनुसूची ३ बमोजिम हुनेछ।

८) सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित संघीय तथा प्रादेशिक ऐन, कानुन तथा मापदण्ड बमोजिम हुनेछ।

२०. सेवा व्यवस्थापनः

१) अस्पतालमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, माननीय मन्त्रिस्तरको मिति २०८२-०१-०८ गतेको निर्णय अनुसार स्वीकृत आधारभूत अस्पताल संचालन मापदण्ड २०८१ को दफा ३ बमोजिम यस ऐनको अनुसूची – २ मा उल्लेख गरिएको आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य प्रवर्धनात्मक क्रियाकलापका साथै ओ.पि.डि., प्रयोगशाला, अन्तरंग वार्ड, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ तथा दर्ता कक्ष, प्रतिक्षालय, स्वास्थ्य बिमा सेवा लगायत प्रचलित संघीय मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ।

२) अस्पतालले बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ।

३) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देखिने ठाउँमा राख्नुपर्नेछ।

४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्वन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनेछ।

५) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनेछ।

६ ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिवारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ।

७) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संकमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

८) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा सामग्रीहरु व्यवस्था हुनेछ।

९) उस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

१०) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शैचालय र हात धुने ठाउँको व्यवस्था हुनेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र सावुन उपलब्ध हुनेछ।



कर्ण बहादुर रावल
अध्यक्ष

Scanned with CamScanner

## खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

११) अस्पतालवाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१२) अस्पताल परिसर तथा सेवा दिने कक्षाहरु, नियमित रुपमा सफा सुग्घर राख्नु पर्नेछ ।

१३ ) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था हुनेछ।

१४) अस्पताल हाताभित्र खाना पकाउने र खानाखाने अलग अलग ठाउँसहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था हुनेछ।

१५) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्ध पानी आपूर्ति हुनेछ।

१६) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ।

१७) अस्पतालमा उपचारका लागि आउने विपन्न असहाय, वेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत शैयामा को व्यवस्था गरी निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ। थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ।

१८) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था हुनेछ।

१९) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मतसम्भार कार्ययोजना बनाइ सोही अनुसार मर्मत गरेको हुनेछ।

२०) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनेछ।

२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको व्यवस्था हनेछ।

२३) आपत्कालीन व्यवस्थामा प्रयोग हने सामग्रीहरुको अलग्गै भण्डारण कक्ष हनुपर्नेछ। यस्तो भण्डारणमा कम्तिमा एकमहिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनेछ।

२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनेछ।

२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गणस्तीय रुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गर्नेछ।

२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नुपर्नेछ र त्यस्ता सामग्रीहरु सेवाग्राहीले सहज रुपमा देखे ठाउँमा राखे व्यवस्था गर्नुपर्नेछ।

२७) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यबस्था प्रचलित संघीय, प्रादेशिक तथा स्थानीय कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

२८) अस्पतालमा स्वास्थ्य बिमा बोर्डको प्रावधान अनुसार स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्नुपर्नेछ।

२९) अस्पतालबाट सिर्जित फोहोर संकलन तथा व्यवस्थापन अस्पतालजन्य फोहोर व्यवस्थापन सम्बन्धी प्रचलित ऐन, कानून, मापदण्ड र निर्देशिका वमोजिम अस्पतालले गर्नुपर्नेछ।

### परिच्छेद-५

### सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२१. अस्पताल सूचना प्रणाली:**



अर्जुन बहादुर रावल
अध्यक्ष

## खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण सम्पुर्ण विवरणको अभिलेख राखी तोकिए बजोजिम तथ्यांक व्यवस्थापन गर्नुपर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना सूचना गाउँपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ।

३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

४) विरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक वडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

५) एम्बुलेन्स र प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट रुपमा देखिने गरी राख्नुपर्नेछ।

६) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ।

७) अस्पताल भित्र प्रभावकारी सूचना प्रवाहका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ। अस्पतालको अभिलेख तथा प्रतिवेदनको लागि मापदण्ड पुरा गरेका डिजिटल सफ्टवेयर प्रयोग गर्न सकिनेछ।

८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउने छ।

९) अस्पताले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम पठाउने तथा डि.एच.आई.एस. टु. मा प्रविष्ट गर्नुपर्नेछ।

१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेका स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ।

११) अस्पतालले प्रचलित कानुन बमोजिमको सूचना अधिकारीको व्यवस्था गरी निजको फोटो सम्पर्क नम्बर, इमेल सहितको विवरण अस्पतालको सबैले देख्ने ठाउमा टाँस गर्नुपर्नेछ।

**२२. गुनासो व्यवस्थापनः**

१) अस्पतालले सबैले देखे ठाउँमा सुझाव तथा उजुरी पेटीका राखेर प्रत्येक रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाब संलकन गर्ने र त्यसको सम्बोधनको लागी छुट्टै एक अधिकारी तोक्नेछ।

**२३. प्रेषण सम्बन्धी व्यवस्थाः**

१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो विरामीलाई स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्त सेवाको लागि स्रोत र जनशक्ति भई उपचार हुनसक्ने अवस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन।

२) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राखुपर्दछ र प्रेषण गर्दा तत्काल प्रदान गर्नुपर्ने सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

५) प्रेषण गर्दा प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ।

कर्ण बहादुर रावल
अध्यक्ष



Scanned with CamScanner

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न वाधा पुग्नेछैन।

७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

९) प्रेषण हुने बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचार तथा प्रेषणमा प्राथमिकीकरण गर्न सक्नेछ।

१०) अस्पतालमा प्रेषण भई आएका बिरामी डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जी सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ।

११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई तोकिए बमोजिमको ढाँचामा डिस्चार्ज सारांश दिनुपर्नेछ।

## परिच्छेद-६
## विविध

**२४. अस्पतालको छापः**

अस्पतालको सम्पूर्ण कामकारवाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमुना अनुसूची-४ मा उल्लेख भएं बमोजिम हुनेछ।

**२५. अस्पतालको संगठन संरचनाः**

अस्पतालको आफ्नै संगठन संरचना हुनेछ। संगठन संरचना प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ। सो बमोजिम स्वीकृत नभएसम्म अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

**२६. साझेदारी गर्न सक्नेः**

अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती, सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ।

**२७ . वार्षिक प्रतिवेदन पेश गर्नेः**

समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

**२८ . थप दायित्व सृजना गर्न नहुनेः**

कार्यपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन।

**२९. अधिकार प्रत्यायोजन गर्न सक्नेः**

समितिले आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३०. नियमावली बनाउन सक्ने :**



कर्ण बहादुर रावत
अध्यक्ष

यस ऐनको उद्देश्य कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**३१. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने :**

यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधुनामा रही गाउँकार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

**३२ . ऐनको पालना गर्नुपर्नेः**

यस ऐनको पालना गर्नु सेवाग्राही, नागरिक, समिति र अस्पतालको दायित्व हुनेछ ।

**३३. प्रचलित कानून बमोजिम हुनेः**

यस ऐनमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

कर्ण बहादुर रावल
अध्यक्ष

# खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

## अनुसूची – १

### अस्पतालको संगठन संरचना

परिच्छेद-४ , दफा-१३ वमोजिम

**अस्पताल निर्देशक**
**कन्सल्टेन्ट मेडिकल जनरलिष्ट (९/१० तह)**

**बहिरंग विभाग**

१) मेडिकल अधिकृत तह ८ -१ जना

२) हे.अ. तह ५/६/७- २ जना

३) कविराज ५/६/७ – १ जना

४) डेन्टल हाइजिनिष्ट ५/६/७ – १ जना

५) नेत्र सहायक तह ५/६/७ – १ जना

**आकस्मिक विभाग**

१) हेल्थ असिस्टेन्ट तह ५/६/७ – १ जना

२) अ.हे.व. तह ४/५/६ – ३ जना

**अन्तरंग विभाग**

१) स्टाफ नर्स तह ५/६/७ – १ जना

२) अ.न.मि. तह ४/५/६ – ३ जना

**फार्मेसी विभाग**

१) फार्मेसी सुपरभाइजर तह ५/६/७ – १ जना

**प्रयोगशाला विभाग**

१) ल्याब टेक्निसियन तह ५/६/७ – १ जना

२) ल्याब असिस्टेन्ट तह ४/५/६/ - १ जना

**रेडियो इमेजिङ्ग विभाग**

१) रेडियोग्राफर तह ५/६/७ – १ जना

**प्रशासन विभाग**

१) प्रशासन सहायक तह ४ – १ जना

२ ) लेखा सहायक तह ४ – १ जना

३) हलुका सवारी चालक – १ जना

४) कार्यालय सहयोगी – १ जना

५) सरसफाईकर्मी – ३

६) गार्ड – २

कर्ण बहादुर रावल
अध्यक्ष

# खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

## अस्पतालको विस्तृत संगठन संरचना

| स. | पद | तह | सेवा | समूह उप/उपसमूह | दरबन्दी संख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अस्पताल निर्देशक (कन्सल्टेन्ट मेडिकल जनरलिष्ट) | ९/१० | स्थानीय स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ | MDGP उत्तीर्ण गरी परिषदमा दर्ता | |
| २ | मेडिकल अधिकृत | ८ | स्थानीय स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | १ | MBBS उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ३ | हेल्थ असिस्टेन्ट | ५/६/७ | स्था. स्वा. | हेल्थ इन्सपेक्सन | ३ | सामान्य चिकित्सामा प्रमाणपत्र तह उर्त्तिर्ण गरी परिषदमा दर्ता | |
| ४ | स्टाफ नर्स | ५/६/७ | स्था. स्वा. | जनरल नर्सिङ | १ | नर्सिङ प्रमाणपत्र तह उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ५ | कविराज | ५/६/७ | स्था. स्वा. | आयुर्वेद / जनरल आयुर्वेद | १ | आयुर्वेदिक चिकित्सामा प्रमाणपत्र तह उर्त्तिर्ण गरी परिषदमा दर्ता | |
| ६ | डेन्टल हाइजिनिष्ट | ५/६/७ | स्था. स्वा. | डेन्ट्रीष्टी / जनरल डेन्ट्रीष्टी | १ | डेन्टल हाइजिनिष्ट विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ७ | नेत्र सहायक | ५/६/७ | स्था. स्वा. | विविध / अप्थाल्मिक | १ | नेत्र विज्ञानमा प्रमाणपत्र उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ८ | फार्मेसी सुपरभाइजर | ५/६/७ | स्था. स्वा. | फार्मेसी | १ | फार्मेसी विषयमा प्रमाणपत्र उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ९ | ल्याब टेक्निसियन | ५/६/७ | स्था. स्वा. | मेडिकल ल्याब टेक्नोलोजी / ज. मे.ल्या .टे. | १ | मेडिकल ल्याब टेक्नोलोजीमा प्रमाणपत्र तह उत्तीर्ण गरी परिषदमा दर्ता | |
| १० | रेडियोग्राफर | ५/६/७ | स्था. स्वा. | रेडियोग्राफी | १ | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी परिषदमा दर्ता | |
| ११ | अ.हे.व. | ४/५/६ | स्था. स्वा. | हेल्थ इन्सपेक्सन | ३ | सि.एम.ए. कोर्ष उत्तीर्ण गरी परिषदमा दर्ता | |
| १२ | अ.न.मि. | ४/५/६ | स्था. स्वा. | पब्लिक हेल्थ नर्सिङ | ३ | अ.न.मि. कोर्ष उत्तीर्ण गरी परिषदमा दर्ता | |
| | ल्याव असिस्टेन्ट | ४/५/६ | स्था. स्वा. | मेडिकल ल्याब टेक्नोलोजी / ज. मे.ल्या .टे. | १ | मेडिकल ल्याब विषयमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी परिषदमा दर्ता | |
| १३ | प्रशासन सहायक | ४ | स्थानीय प्रशासन | सामान्य प्रशासन | १ | SLC/SEE उत्तीर्ण | |
| १४ | लेखा सहायक | ४ | स्थानीय प्रशासन | लेखा | १ | गणित वा लेखा विषयमा SLC/SEE उत्तीर्ण | |
| १५ | हलुका सवारी चालक | प्रथम स्तर | स्थानीय प्रशासन | | १ | हलुका सवारी चालक अनुमति पत्र प्राप्त भई कम्तिमा २ वर्षको अनुभव भएको र साधारण लेखपढ गर्न सक्ने | |
| १६ | गार्ड/सुरक्षाकर्मी | का.स. तृतीय स्तर सरह | स्थानीय प्रशासन | | २ | ८ कक्षा उत्तीर्ण भई अस्पताल गार्ड वा सैनिक सेवा वा प्रहरी सेवा वा म्यादी प्रहरीको अनुभव प्राप्त | |
| १७ | कार्यालय सहयोगी / सरसफाइकर्मी | प्रथम स्तर | स्थानीय प्रशासन | | ४ | ८ कक्षा उत्तीर्ण | |
| | | | कुल जम्मा | | २८ | | |



कर्ण बहादुर रावल
अध्यक्ष

# खार्पुनाथ आधारभूत अस्पताल स्थापना,संचालन तथा व्यवस्थापन ऐन, २०८२

## अनुसूची – २
### अस्पताल बाट प्रदान गरिने सेवाहरु
ऐनको परिच्छेद-४, दफा- २० वमोजिम

**१) आधारभूत स्वास्थ्य सेवाहरु**

१. खोप सेवा

२. एकिकृत नवजात शिशु बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा, गर्भवति सेवा, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन सेवा, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ नवजात शिशु तथा बालस्वास्थ्य सेवा

३. सरुवा रोग सम्बन्धी सेवा

४. नसर्ने रोग सेवा तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा

५. मानसिक रोग सम्बन्धी सेवा

६. ज्येष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा

७. सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवा

८. स्वास्थ्य प्रवर्तन सेवा

९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य सेवा ।

**२) सामुदायिक एवं संस्थागत क्रियाकलाप**

(क) नागरिक आरोग्य सेवा कार्यक्रम अन्तर्गत सामुदायिक योग, ध्यान शिविर तथा स्वस्थ जीवनशैली प्रवर्द्धन

(ख) समुदायस्तरमा नसर्ने रोगको स्क्रिनिङ्ग तथा सचेतना र मानसिक स्वास्थ्यको सचेतना एवं प्रवर्द्धन

(ग) सामुदायिक स्वास्थ्य प्रवर्द्धन अन्तर्गत खुल्ला दिसामुक्त व्यवहार अवलम्बन, फोहोरमैलाको उचित व्यवस्थापन, सफा पानी पिउने बानी अवलम्बन

(घ) समुदायस्तरमा खाद्य स्वच्छता, खाद्य सुरक्षा, पोषण प्रवर्द्धन भान्सा सुधार तथा पत्रु खानाको निरुत्साहन

(ङ) सूर्तीजन्य, धूम्रपान, मादक पदार्थ एवं लागू पदार्थ कुलत त्यागका लागि स्वास्थ्य शिक्षा सूचना सञ्चार सहितको सचेतना

(च) समुदायस्तरमा जीवनपथमा (गर्भवति, सुत्केरी, नवजात शिशु देखि ज्येष्ठ नागरिक सम्म) आधारित स्वास्थ्य हेरचाहँ, परामर्श एवं अतिरिक्त स्याहार र सचेतना अभिवृद्धि

(छ) वातावरणीय स्वास्थ्य प्रवर्द्धन, जलवायु परिवर्तनका र महामारी एवं अन्य स्वास्थ्य आपतकालिन जोखिम न्युनिकरणका उपायवारे सचेतना ।

**३) उपचारात्मक सेवा**

१) चौबिसै घण्टा इमर्जेन्सी, बिरामी भर्ना सेवा,फार्मेसी, ल्याब, एक्स-रे, इ.सि.जि., भिडियो एक्स-रे सेवा ( आवश्यकता अनुसार ), एम्बुलेन्स सेवा,

२) जनरल ओ.पी.डि. सेवा, आयुर्वेद स्वास्थ्य सेवा, प्राथमिक मुख स्वास्थ्य सेवा, प्राथमिक आँखा स्वास्थ्य सेवा ।

कर्ण बहादुर रावल
अध्यक्ष

## अनुसूची – ३

### अस्पतालको प्रयोगशाला (D-category) बाट गरिने परीक्षणहरु

ऐनको परिच्छेद-४, दफा- १९ को उपदफा -७ वमोजिम

1) **Haematology** : TC, DC, RBC Count, Haemoglobin, ESR, Blood grouping, BT,CT,PT, APTT, Platelet count, Hematocrit, Red cell indices
2) **Biochemistry** : Sugar, urea, bilirubin (Direct & Total), uric acid, total protein, serum albumin, SGPT,SGOT, ALP, Lipid profile, sodium ,potassium, creatinine
3) **Microbiology :** Sputum AFB (Z-N) Stain, Gram stain, KOH Mount For Fungi
4) **Serological Test** : RPR, Widal Test, ASO titre, RA Factor, CRP, Test By RDTs
5) **Miscellaneous** : Routine urine analysis, routine stool analysis, urine pregnancy test, stool for reducing substances, stool for occult blood, urine ketone body, urobilinogen, bile salt, bile pigment

### अस्पतालको प्रयोगशाला (D-category) संचालनका लागि आवश्यक उपकरण तथा सामग्रीहरु

1) All "Basic Equipments", consumables, reagents/kits
2) Binocular Microscope , Centrifuge ,Colorimeter
3) Water bath, VDRL Shaker, Hot air oven
4) Micropipettes, DC counter , Power backup
5) Autoclave Incubator, Semi automated Biochemistry analyzer

कर्ण बहादुर
अध्यक्ष

अनुसूची -४
अस्पतालको छापको नमुना
ऐनको परिच्छेद-६ , दफा- २४ वमोजिम

खार्पुनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खार्पुनाथ आधारभूत अस्पताल
खार्पुनाथ गा.पा.-५ , याङ्चुबजार, हुम्ला

कर्ण बहादुर रावल
अध्यक्ष